## दैलेख जिल्ला अदालतवाट सर्वसाधारणका निमित्त जारी भएको
## लिलाम बढाबढको सूचना

वादी दैलेख जिल्ला साविक चामुण्डा ४ हाल जिल्ला सुर्खेत साविक लाटीकोईली गा.वि.स.वडा नं.१० बस्ने धुपेन्द्र बहादुर शाही विपक्षी/प्रतिवादी दैलेख जिल्ला महाबु गाउँपालिका वडा नं. ३ तल्लोबुढाबाडा घर भई जिल्ला सरकारी वकील कार्यालय सुर्खेतमा नायव सुब्बा पदमा कार्यारत विशाल कुमार बुढा भएको चेक अनादर मुद्दामा सुर्खेत जिल्ला अदालतको मिति २०८०।१।२८ गतेको फैसला वमोजिम वादीले प्रतिवादीवाट रु.११,४५,०००।- (एघार लाख पैतालिस हजार) र चेक जारी मितिदेखी फिराद दायर हुँदाको मिति सम्मको व्याज समेत तथा फिराद दायर मिति देखी विगो धरी भराउ हुँदासम्मको बार्षिक दश प्रतिशतका दरले हुन आउने व्याज समेत भराई पाउने ठहरी फैसला भएकोमा उक्त रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा वादीले फैसला अनुसार प्रतिवादिवाट भरिपाउने चेक अनादरको विगो तपसिल बमोजिमको सम्पतिवाट भराई पाउँ भनी वादीको निवेदन परी पञ्चेकृति मूल्य समेत कायम भई प्रतिवादीको अंश हक लाग्ने तपशिलको सम्पति मिति २०८२/८/२४ गते दोस्रो पटक यस अदालतमा डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशन गरिएको छ।

### तपसिल

१-यस अदालतको तहसिल शाखामा मिति २०८२ साल मङ्सिर महिनाको २४ गते दिन १.०० वजे डाँक लिलाम हुने भएकाले उक्त डाँक लिलाममा उपस्थित भई बोलकबोल गर्न सकिनेछ।

२-डाकँ लिलाम गर्न तोकिएको दिन सावर्जानिक विदा परे सोको भोलि पल्ट डाँक लिलाम हुनेछ।

३-कायम भएको न्युनतम पञ्चकृति मुल्यवाट डाँक वढावढ गर्नु पर्नेछ।

४-डाँक लिलाम बढाबढको बखत बोलकबल गरेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन भित्र दाखिला गर्नु पर्ने छ। बाँकी बोलकबोल रकम डाँक लिलाम भएको मितिवाट ७ (सात) दिन भित्र दाखिला गर्नुपर्नेछ। त्यसरी ७ (सात) दिन भित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिला भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकासित गरीनेछ।

५-डाँक लिलाम बढाबढ हुँदा सवैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक लिलाम सकार गराईने छ।

६-डाँक लिलाम सम्बन्धमा बुझ्नु पर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।

७-डाँक लिलाम हुने जेथाको विवरण यस प्रकारको छ।

### तपसिल

प्रतिवादी बसत बहादुर बुढाका नाउंमा दर्ता स्रेस्ता कायम रहेको जगगाको बिबरण

| क्र.स. | जिल्ला | गा.वि.स./ वडा नं. | | किनं. | क्षेत्रफल व.मी. | लिलाम हुने गरी कामय भएको पञ्चकृते मुल्यांकन |
|---|---|---|---|---|---|---|
| १ | दैलेख | बाँसी | ३ | ८६४ | ११११ व.मि | ५,००,०००।- |
| २ | दैलेख | बाँसी | ३ | ८४४ | ५३१० मध्ये ५०० व.मी.पुर्वबाट | १,००,०००।- |

तहसिलदार

(शाखा अधिकृत)

ईतिसम्वत २०८२ साल मंसिर महिना ४ गते रोज ५ मा शुभम..........................................................।